# कोशी गाउंपालिका

## गाउं कार्यपालिकाको कार्यालय

## लौकही ,सुनसरी

प.स. २०७५।०७६ (यो) | १ नं. प्रदेश नेपाल

च.न. | मिति २०७५।८।५

दरभाउपत्र आव्हान गरिएको सूचना

(प्रथम पटक प्रकाशित मिति २०७५।८।५

यस कार्यालयको आ.व.२०७५।०७६ को तपसिलमा उल्लेख भए वमोजिमको स्वीकृत कार्यक्रमहरू दरभाउपत्रको माध्यमवाट गनू पर्ने भएकोले निर्माण व्यवसायीहरूको निम्न शर्तहरूको अधिनमा रहि वोलपत्र पेश गर्नु हुन सम्वन्धित सवैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१ तपसिलमा उल्लेखि दस्तुर फिर्ता नहुने नगद वुझाई नगदी रसिद साथ निर्माण व्यवसायीले व्यवसाय नविकण भएको इजाजत पत्र, आयकर तथा मु.अ.कर दर्ता प्रमाणपत्र र आ.व. २०७४।०७५ कर चुक्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरू संलग्न राखि यस कार्यालयवाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औ दिन कार्यालय समय भित्र खरिद गर्न सकिने छ ।

२ खरिद भएको दरभाउपत्र फारमहरूमा उल्लेख भएका सवै विवरणहरू रित पूर्वक भरि दरभउपत्र दाताले प्रत्येक पानामा सही गरि कामको विवरण, दरभाउपत्र दाताको नाम, ठेगाना र फोन नं.समेत स्पष्ट खुलाई फर्मको छाप लगाई शिलवन्दी लाहाछाप प्रथम पटक प्रकाशित मितिले १६ औ दिन दिनको १२:०० वजे सम्म यस कार्यालयमा दर्ता गरि सक्नुपर्ने छ ।

३ दर्ता भएको दरभाउपत्रहरू सोही दिन दिनको १:०० वजे कार्यालयका प्रतिनिधिहरू र दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरूको रोहवरमा खोलिने छ । दरभाउपत्र दाता वा निजको प्रतिनिधिहरू उपस्तिथिति नभएमा पनि दरभाउपत्र खोल्ने कार्यमा कुनै वाधा पर्ने छैन ।

४ दरभाउपत्र विक्रि तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरू विदाको लगतै पछि कार्यालय खुलेको दिन सोही वमोजिम हुनेछ

५ शिलवन्दी दरभाउपत्र फारम साथ जमानत वापत तपसिलमा तोकिएको रकम मेगा वैक लौकही सुनसरी स्थीत कार्यालयको धरौटी खाता नं. ०२२००१०११८९५७ मा रकम जम्मा गरि सक्क वैक भौचर वा नेपाल सरकारवाट विडवण्ड जारी गर्न सक्ने इजाजत प्राप्त वैकहरूवाट वोलपत्र दर्ता गर्ने अन्तिम मितिवाट ४५ म्याद रहेको हुनुपर्ने छ ।

६ दरभाउपत्र दाताले वोलपत्रमा दररेट भर्दा मुल्य अभिवृद्धिकर वाहेकको दर रेट उल्लेख गर्नु पर्ने छ । दरभउपत्रको प्रत्येक आइटम वाइज दर अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ । केरमेट भएको ठाउमा दरभाउपत्र दाताको सहीछाप भएको हुनु पर्ने छ ।

७ यस गाउपालिकाको हितलाई ध्यानमा राखि कुनै जनाई वा नजनाई पुरा वा आशिंक रूपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

८ दरभाउपत्र साथ पेश गरेको प्रतिलिपि कागजातहरू आवश्यक परेमा सक्कलै माग गरि जाचिने छ । नक्कली कागजात पेश गरेको पाइएमा उक्त दरभाउपत्र दाताको वोलपत्र रद्ध गरि सो फर्मलाई कालो सूचीमा राखिने छ र सो को लिखित जानकारी सम्वन्धि निकाय सवैमा दिइने छ ।

९ रित नपुगी वा म्याद नाघि र कुनै शर्त राखि पेश हुन आएका दरभाउपत्रहरू मान्य हुने छैन

१० यस सूचनामा उल्लेख भएका कुराहरूको हकमा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ संसोधन सहित र अन्य प्रचलित कानुन वमोजिम हुने छ ।

११ दरभाउपत्र स्वीकृत भएपछि कार्य सम्पादन जमानीपत्र वापत दरभाउपत्र दाताले कवोल गरेको अंकको नियमानुसार हुने रकम यसै सूचनाको वुदा नं. ५ को उल्लेखि खातामा नगद जम्मा गरेको सक्क वैक भौचर वा यस कार्यालयको पक्षमा न्यूनतम कार्य सम्पन्न गर्नु पर्ने अवधि भन्दा कम्तीमा ६ महिना वढीको म्याद राखि जारी गरैको वैक जमानीपत्र सहित निर्माण कार्यतालिका वनाई पेश गर्नूपर्ने छ ।

१२ कामको गुणस्तर स्वीकृत स्पेशिफिकेशन अनुसार हुनु पर्ने छ । दरभाउपत्र दाताले निर्माण स्थल र सम्पादन गर्ने कामको सम्वन्धमा राम्रो संग वुझि दररेट भरेको मानिने छ ।

| क.सं. | ठे.नं. | कामको विवरण) | ल.ई.रकम मु.अ.कर वाहेक) | जमानत रकम रू | कागजात दस्तुर रू |
|---|---|---|---|---|---|
| १ | ०१/२०७५।०७६ | कोशी २ को कार्तिक मन्दिर देखि नेविलालको घर सम्मको वाटो कालोपत्रे गर्ने कार्य | १२९३०७९।९ | ३३०००।०० | १०००।०० |
| २ | ०२/२०७५।०७६ | कोशी ८ पानीटंकी देखि लक्ष्मी यादवको घरहुदै भारतको सिमा सम्म कालोपत्रे र कल्भट निर्माण कार्य । | १२९२७४९।३६ | ३३०००।०० | १०००।०० |